ब्याँस गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

# स्थानीय राजपत्र


| | | | |
|---|---|---|---|
| खण्ड : ७ | संख्या :२ | सुन्सेरा, दार्चुला | श्रावण १ गते २०८० |


## भाग-१

ब्याँस गाउँपालिका

## ब्याँस गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विनियोजन ऐन, २०८०

<u>प्रस्तावनाः</u>

ब्याँस गाउँपालिका आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय संञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाच्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम ब्याँस गाउँसभाले यो ऐन बनाएको छ ।

**१.** <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "ब्याँस गाउँपालिका विनियोजन ऐन, २०८०" रहेको छ ।
(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

**२.** <u>परिभाषाः</u> (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः
(क) "गाउँसभा" भन्नाले ब्याँस गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।
(ख) "कार्यपालिका" भन्नाले ब्याँस गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।
(ग) "वडा समिति" भन्नाले ब्याँस गाउँपालिका अन्तरगतका वडा समितिलाई सम्झनु पर्छ ।
(घ) संञ्चित कोष भन्नाले ब्याँस गाउँपालिकाको संञ्चित कोषलाई सम्झनु पर्छ ।

**३.** <u>आर्थिक वर्ष २०८०/०८१ का निमित्त स्थानीय संञ्चित कोषबाट खर्च गर्ने अधिकारः</u> (१) आर्थिक वर्ष २०८०/०८१ का निमित्त अनुसूचि-१ (क) बमोजिम उल्लेखित जम्मा रकम रु. ३८,४६,३९,७०० (अक्षरेपी अठतिस करोड छयालिस लाख उनन्चालिस हजार सात सय) मा निर्दिष्ट गरिए बमोजिमको रकम स्थानीय संञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।
(२) आर्थिक वर्ष २०७७/०७८ र २०७८/०८९ वार्षिक आय-व्य र आर्थिक वर्ष २०७९/०८० को जेठ मसान्त सम्मको आय-व्यय विवरण अनुसूचि-१ (ख) मा उल्लेख भए बमोजिम रहेको छ ।
(३) आर्थिक वर्ष २०८०/०८१ को अवधिमा संघ सरकार, प्रदेश सरकार र अन्य स्थानीय सरकार तथा गैर-सरकारी संघ संस्थाहरुबाट प्राप्त भइ खर्च हुने रकम यसै ऐन बमोजिम भएको मानिनेछ ।

**४.** <u>विनियोजनः</u> (१) यस ऐनद्वारा खर्च गर्ने अधिकार दिइएको रकम अनुसूचि-२ (क) मा उल्लेखित सीमा अनुसार विनियोजन गरिनेछ ।
(२) यस ऐन अनुसार खर्च गरिने रकम अनुसूचि-२ (ख) अनुसार पुँजीगत तथा चालु प्रकृतिको खर्चमा अनुमानित विनियोजन हुनेछ ।
(३) उपदफा (१) अनुसार विनियोजित रकममा अनुसूचि-३ अनुसारका स्रोतगत, वडागत तथा विषयगत शाखाहरुका योजना तथा कार्यक्रमहरु रहने छन ।
(३) अन्यत्र जुसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको लागि विनियजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट अपुग हुने शिर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा बचत भएको शिर्षकबाट अपुग भएको शिर्षकमा जम्मा विनियोजित रकमको २५ प्रतिशतले नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट रकमान्तर गर्न सकिनेछ ।
तर बचत भएको शिर्षकबाट अपुग भएको शिर्षकमा जम्मा विनियोजित रकमको २५ प्रतिशतले नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट रकमान्तर गर्दा गाउँसभाको स्वीकृति लिनुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम रकमान्तर गर्दा सावाँ र ब्याज भुक्तानी शिर्षकमा बाहेक अन्य चालु प्रकृतिका खर्च शिर्षक तर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तरगत सावाँ भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याँज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

५. <u>लेखाङ्कन, प्रतिवेदन, आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धी व्यवस्थाः</u> (१) यस ब्याँस गाउँपालिकाको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै पनि योजना वा कार्यक्रमको कार्यान्वयन गर्दा भएको खर्चको लेखाङ्कन, प्रतिवेदन, आन्तरिक तथा अन्तिम लेखापरीक्षण संघीय कानून बमोजिम हुनेछ ।

६. <u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः</u> (१) यस ब्याँस गाउँपालिकाको "ब्याँस गाउँपालका आर्थिक ऐन, २०८०" अनुसार संकलन गरिएको आन्तरिक राजश्व रकम तथा प्रचलित कानून बमोजिम प्राप्त राजश्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण बापतको रकम प्रचलित कानून अनुसार खर्च गरिनेछ ।

(२) ब्याँस गाउँपालिकाले बजेट तथा कार्यक्रममा समावेश भएको कुनै पनि योजना वा कार्यक्रमको कार्यान्वयन गर्दा आवश्यक पर्ने थप कानून बनाउँदा देहायका विषयलाई पालना हुने गरि बनाउँनु पर्नेछः

(क) नेपाल सरकारको आर्थिक तथा वित्तीय नीति अनुसरण गर्ने,

(ख) सबै आय स्थानीय संञ्चित कोषमा जम्मा गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनका लागि दिइएको सोहि प्रयोजनमा मात्र खर्च गर्ने,

(घ) पुंजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले निर्दिष्ट गरे बमवजिमको आय-व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागु गर्ने ।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सन्दर्भमा ब्याँस गाउँपालिकाले आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ ।

७. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

८. <u>निर्देशिका, कार्यविधि, मापदण्ड वा मार्गदर्शन बनाउन सक्नेः</u> (१) ब्याँस गाउँपालिकाले यस ऐनको कार्यान्वयन गर्न आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड वा मार्गदर्शन बनाउन सक्नेछ ।

<u>आवश्यक व्यवस्था गर्न सक्नेः</u> (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा परेमा वा आकस्मिक योजना तथा कार्यक्रम सञ्चालन गर्नु परेमा गाउँकार्यपालिकाको बैठकले निर्णय गरि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

दफा ३ (१) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट विनियोजन हुने बजेट शिर्षकगत चालु तथा पुँजीगत रकम

| सि.न. | बजेट शिर्षक | जम्मा बजेट | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कै |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका | ३६२,६३९,७००.०० | २४४,८४४,७००.०० | ११७,७९५,०००.०० | – | |
| २ | वडा समिति | ९,०००,०००.०० | १,२००,०००.०० | ७,८००,०००.०० | – | |
| ३ | विषयगत शाखा | १३,०००,०००.०० | १३,०००,०००.०० | – | – | |
| ४ | ऋणको सावाँ भुक्तानी | – | – | – | – | |
| ५ | लगानी शेयर/ऋण | – | – | – | – | |
| कुल बजेट | | ३८४,६३९,७००.०० | २५९,०४४,७००.०० | १२५,५९५,०००.०० | – | |

आज्ञाले

महेशबहादुर बम

प्रमुख प्रशासकीय अधिकृत